# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४२ पौष २०५५ वर्ष १५ अङ्क ९

## धम्मवाणी

फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति ।
असोकं विरजं खेमं, एतं मङ्गलमुत्तमं ॥
*मंङ्गलसुत्त – ११*

(लाभ-अलाभ, यश-अपयश, निंदा-प्रसंशा र सुख-दुख यी) लोक-धर्मको स्पर्शले जस्को चित्त काँप्दैन, ऊ निःशोक, निर्मल र निर्भय हुन्छ – यी उत्तम मंगल धर्म हुन् ।

## अलविदा ... बाबू भैया ।

तिमी मभन्दा देढ वर्ष पहिला जन्म्यौ । जुन जननीको कोखमा नौ महिना रहेर तिमी जन्म्यौ त्यसैमा रहेर म पनि जन्में । यति चाँडै तिम्रो पछि पछि जन्म लिएर आमाको न्यानो ममता र लालन-पालन तिमीबाट मैले खोसेर लिएँ तै पनि तिमी मदेखि रिसाएनौ । साधारणतया सबै शिशुहरूको मानसिकता यस्तै हुन्छ जब आफ्नो आमाको काखमा अरु कोही आएर बस्छ, आफ्नो आमाको दुध अरु कसैले पिएको देख्छ तब उस्को मनमा त्यस प्रतिद्वन्द्वीको प्रति गहिरो इर्ष्या उत्पन्न हुन्छ, द्वेष र दौर्मनस्यता जागदछ । परन्तु तिमी त असामान्य किसिमको मान्छे । म ठूलो भए पछि आमाले भन्नु भएको तिमी त मलाई हेरेर प्रसन्न हुन्थ्यौ रे । हात खुट्टा चलाउन थाल्यो भने तिमी मलाई एक टकले हेरिरहन्थ्यो रे । म अलि ठूलो भएँ । तिमीले आमाको दूध राम्ररी पिउन पाएन त्यसैले तिम्रो जीऊ दूब्लो-पातलो र कमजोर हुनगयो । तिम्रो भाग दूध मैले पिएँ त्यसैले म हृष्ट-पुष्ट भएँ । छः सात बर्ष हुँदा हामी दुबै जना माण्डलेको मारवाडी स्कूलमा पढ्न जान्थ्यौं तब कोही कोही हामीलाई जुम्ल्याहा भन्थ्यो कोही भने मलाई दाइ भन्थ्यो तै पनि तिमी अलिकती पनि रिसाउन्नथ्यौ ।

स्कूलको मास्टर पंडित कल्याणदत्त दूबेजीको हामी दुबैको प्रति त्यत्तिकै स्नेह थियो । चाड-पर्वमा स्कूलमा रामचरीत मानसको पाठ गराइन्थ्यो, सबैजना एकसाथ स्वर मिलाएर गाउथ्यौं । चाडको दिन विद्यार्थीहरूको बाँदरसेनाको जुलुस निस्कन्थ्यो । हामी मध्ये एकजना साथी पुरुषोत्तम उमेरमा हामी बराबर भए पनि जीऊ-दाल डौल र शारीरिक बलमा उनी डेढी ठूलो थियो । दूबेजी उसलाई हनुमान बनाउनु हुन्थ्यो । रातो कच्छा अनि कमरमा लामो पुच्छर हुन्थ्यो । सुनमा हनुमानको मुकुट अनि हातमा गदा, गदा घुमाएर यता उता उफ्रि एकदम धमाका मचाउँथ्यो । दूबेजी हामी दाजु-भाइ दुबैलाई राम-लक्ष्मण बनाउथ्यो । शीरमा मुकुट, हातमा धनुष-वाण दिएर हामी दुबैलाई हनुमानको दुइटा काँधमा बसाउँथ्यो । जब हनुमानजी उफ्रेर तलमाथि दौडन्थ्यो तब तिमी डरले काँप्थ्यो । त्यो पनि आफ्नो लागि होइन मेरो लागि । तिमी मलाई जोडले पक्रन्थ्यौ र कहिले काँही त रुन्थ्यौ । हनुमानलाई यसरी नदौड्न विनम्र अनुरोध पनि गर्थ्यौं । ता कि सतुआ नलडोस् । त्यस समय तिमी मलाई "सतुआ" भनेर बोलाउँथ्यौ । र म तिमीलाई 'बबुआ' भन्थें । अरुपनि हामी दुबैलाई यही नामले पुकार्थ्यो । राम्ररी समाएको छु, म खस्दैन भन्दा पनि यस खेलकूदको समयभरी नै तिम्रो चेहरा निन्याउरो हुन्थ्यो । तिमी मेरो हात बरोबर समाउँथ्यो ता कि म नखसोस् । उत्सव समाप्ती पछि हनुमानको काँधबाट दुबैलाई उतारेपछि मात्र तिम्रो चेहरामा शान्ति छाउँथ्यो । दूबेजीले त्यस उमेरमा नै तिम्रो मनमा रामजीको भाईपना भरिदिएको थियो म भने आफूलाई कहिले भरत त कहिले लक्ष्मण सम्झन्थें ।

केही वर्ष बित्यो । साँझ स्कूलको छुट्टी पछि हामी दुबै घर फर्कन्थ्यौं । केही खान-पिन गरे पछि म बाटोमा साथिहरूसंग खेल्नको लागि जान्थें । तिम्रो शरीर अलि कमजोर भएकोले खेलमा रुची थिएन । परन्तु मलाई कसरी एक्लै छोड्थ्यौ र ? अतः हामी जहाँ खेल्थ्यौं त्यस्को नजीकैको पेटीमा बसेर हेरीरहन्थ्यौ ।

म अति खेल्थें अतः मेरा लुगा चाँडै नै मैलो हुन्थ्यो, चाँडै फाट्थ्यो पनि । हामी दूबैको एउटै साइजको धोटी र कमीजकुर्ता हुन्थ्यो । दिनहुँ विहान नुहाएर आफ्नो लुगा आफै धुन्थ्यौं । म जहिले पनि अघि नुहाउँथें, म पछि तिमी नुहाउँथ्यौ । मैले धोएर सुकाएको लुगा फेरि सफासंग धोएर सुकाईदिन्थ्यौ । तिम्रो लुगा त्यति मैलो पनि हुँदैनथ्यो र चाँडै फाट्दैनथ्यो पनि । बिहान नुहाउन जाँदा जुन चाँहि लुगा सफा र नफाटेको हुन्थ्यो त्यो मलाई र अलि फोहर चांही आफूलाई लिन्थ्यौ । अलिकति फाट्यो भने पनि मलाई लगाउन दिदैनथ्यो । भाइ प्रतिको त्याग र ममता भरी आदर्श तिम्रो मनमा अधिक थियो ।

Downloaded from http://www.dhamma.digital

केही समय पश्चात मास्टरजी कल्याणजी दूबे स्कूलको नोकरी छोडेर आफ्नो देशमा फर्कनुभयो। स्कूल संस्थापकहरूले दुइवटै कक्षाको लागि दुईजना मास्टर नियुक्त गरे। तिम्रो कक्षामा पढाउने मास्टर एकदम विनम्र स्वभावको थियो। एकदम सुरीलो र मसीनो स्वर थियो उनको। तर मेरो कक्षामा पढाउने मास्टर ठीक उल्टो थियो। अत्यन्त क्रोधी स्वभाव थियो। एकदम ठूलो तथा झदकिलो श्वरमा बोल्थ्यो। उनको नाम थियो राम नारायण चौबे।

उनको शरीर बाँउडे थिएन, तर दुबै हात छोटो थियो। साधारण मानिसहरूका कुहिना शुरु हुने ठाँउमा उनको हत्केला थियो। ती बाँउडे हातले लेख्ने देखेर कक्षाका सबै विद्यार्थीहरू हाँस्दथ्यो। हामीलाई त सानै उमेरदेखि आमाबुबाले गुरुभक्तिको शिक्षा दिएको थियो। अत: म कहिले पनि हाँसेन, अरु हाँस्यो भने पनि मलाई एकदम नरमाइलो लाग्थ्यो। म मन मनै सोच्थें यिनीहरूले कसरी विद्या आर्जन गर्ला? चौबेजी म देखि एकदम प्रसन्न हुन्थे। परन्तु जो बच्चा उनीदेखि हाँस्थे तिनीहरूलाई कुनै न कुनै बहानाले खूब पिट्दथे। दूवेजीले यसरी कहिले पिट्नु हुन्नथ्यो न अर्को कक्षाको मास्टरले। हात छोटो भएको कारणले बेतले पिट्नु हुन्थ्यो। आफ्नो क्रोधी स्वभावको कारण यसको प्रयोग निर्मम पूर्वक गर्दथ्यो। यसकारण छोटो अवधि भित्र नै बच्चाहरू एकदम भयभीत हुनपुग्यो।

एक दिन उनले एकजना बच्चालाई निर्दयता पूर्वक पिटे। उस्को पिठ्यूँमा नीलो दाग बस्यो। दोस्रो दिन जब हामी दुबै स्कूल गयौं तब तिमीले मलाई आफ्नो कक्षामा संगै बसायो। मैले नाईं भन्दा पनि तिमी मानेनौ। चौबेजी यो देखेर रीसले आगो भए। आफ्नो कक्षामा पठाऊ भनेर जोडले कराउनथाले। तिमीले झन अंगालो हालेर मलाई जानदिएन। तिमी नमानेकोले चौबेजी अलि शान्त भएर तिमीलाई सम्झाउन थाल्यो, "म तिम्रो भाइलाई किन पिटुँला र? ऊ त राम्रो पढाई गर्छ। आफ्नो होमवर्क पनि दिनहुँ गरेर ल्याउँछ। अन्यबच्चाहरू झैं वदमास पनि छैन। मेरो नक्कल पनि गर्दैन। म उसलाई किन पिटुँला?" परन्तु तिमी एक मानेन। रोई रोई एउटै कुरा दोहऱ्याई रह्यो कि, "तपाई मेरो भाइलाई बेतले पिट्नुहुन्छ। म उसलाई तपाईं कहाँ पठाउँदिन।" चौबेजी हैरान भएर स्कूलका प्रवन्धक जयनारायण ल्हीला कहाँ जानु भयो। जयनारायनजी एकदम शान्त स्वभावको बृद्ध सज्जन थियो। उनले एकदम विनम्र भएर सम्झाए। उनले आश्वासन पनि दिए, "कि चौबेजीले तिम्रो भाईलाई विल्कुल पिट्दैन।" तब तिमी झन जोरले रून थाल्यो। मलाई झन कसेर साथमा राख्यौ। मानौं बेत मलाई लागे पनि त्यस्को घाऊ तिम्रो शरीरमा लाग्नेछ। यस काल्पनिक दुखाई सम्झेर तिमी रोइरह्यौ। जयनारायणजीले सम्झाएर पनि नमाने पछि उनले चौबेजीलाई भन्यो साँच्चै तपाई त बच्चाहरूलाई आवश्यक भन्दा बढी पिट्नु हुँदो रहेछ। यसकारणले यिनीहरू भयभीत हुनगयो। चौबेजी लाजले भुतुक्क भए र सबैको सामू बेत भाँचेर फ्याँकिदिए र प्रतिज्ञा गरे कि आज उपरान्त कोही पनि बच्चालाई बेतले पिट्दिन। तब तिम्रो जीत भयो। म आफ्नो कक्षामा गएँ। यस घटनाको उपरान्त चौबेजीले कसैलाई पनि बेतले पिट्नु भएन।

केही बर्ष बित्यो। हामी दुबैलाई मारबाडी स्कूलबाट निकालेर खालसा स्कूलमा भर्ना गरिदियो। मारवाडी स्कूल घरबाट नजिकै थियो। अत: हिंडेर नै जान्थ्यौं। खालसा स्कूल टाढा थियो। हिँडेर जान पनि गाऱ्हो समय पनि बढी लाग्थ्यो। अत: बुबाले हामी दुबैलाई सानो साइकल किन्ने निश्चय गर्नुभयो। परन्तु त्यस समय पसले कहाँ त्यस्तो सानो साइकल एउटै मात्र थियो। अत: एउटा किनेर अर्को साइकल अर्डर दिएर आउनु भयो। अर्को साइकल भने दुई-तीन हप्ता पछि मात्र रंगून आईपुग्थ्यो। साइकल पाउने बित्तिकै तिमीले भनीहाल्यौ कि यो तिम्रो लागि। अर्को साइकल आईपूगे पछि मात्र म लिउँला। साइकल चलाउन त दुबैले सिक्यौं तर अर्को साइकल नआउञ्जेलसम्म तिमीले आफ्नो साइकल भनेर स्वीकार गरेनौ। एउटा मात्र रह्यो भने त्यो भाइको नै हो। तिम्रो भाइपनाले आखिर जित्यो। स्कूल जाँदा साइकल मैले चलाउने तिमी पछाडि बस्थ्यौ। केही दिन पछि नयाँ साइकल आईपुग्यो। नयाँ साइकल देखेर सबै छक्क परे। त्यो नयाँ मोडलको एकदम सजिसजाऊ, चम्किलो साइकल थियो। नरम सीट, कालो चम्किलो रंग, किनारामा सुनौला पेटिङ्ग गरेको हेर्दै निकै आकर्षक थियो। घण्टी बजाउँदा त्यस्को मधुर तरंग केही समयसम्म हावामा गुञ्जिरहन्थ्यो। यस्तो सुन्दर साइकल माण्डलेमा पहिलो पल्ट आएको थियो। यो देखेर तिम्रो भाइपना पुन: जाग्यो। तिमी फेरि जिद्धी गर्न थाल्यौ कि "नयाँ साइकल भाइको लागि म पूरानो नै चलाउँछु।" मैले हजारबार नाई भन्दा पनि तिमीले आफ्नो जिद्धी छोडेनौ र आखिरमा जीत तिम्रै भयो। यसप्रकार अन्य धेरै प्रसंगमा जेठोको स्नेहले कान्छोलाई जितीनै रह्यो।

एउटा अर्को घटना। बर्मी सरकार द्वारा आयोजीत अखिल ब्रह्मदेशीय जुनियर्सको एउटा परिक्षामा मेरो नम्बर सबभन्दा बढी आएको थियो। यसबाट सबभन्दा बढी खुसी तिमीलाई भएको थियो। माण्डलेको यडनाबौं हलमा एक बृहत समारोह बीच बर्माका बिट्रिश गभर्नर लर्ड क्रोकीनले मलाई एउटा मेडल दियो। तिमी अत्यन्त खुसी भयौ। मलाई सम्झना छ तिमीले त्यो मेडल कत्तीलाई देखाउँदै फिर्यौ- हेर, मेरो भाइ सत्यले जीतेको मेडल। त्यसबेला तिमी मलाई "सतुआ" भन्नुको बडला "सत्य" भन्थ्यौ। तर मेरो लागि तिमी "बबुआ" नै थियो। कहिले काहीं "बाबूभैया" भनेर बोलाउँथें।

सात कक्षा पास भएपछि पढाई छुटाएर तिमीलाई पसलमा बसायो। अर्को वर्ष म पनि सात कक्षामा पास भएँ। बुबाले मेरो पढाई पनि छुटाउने निर्णय गर्नुभयो। म पढाई अगाडि बढाउन चाहन्थें, परन्तु मैले भनेको सुन्ने कोही पनि थिएन। तब तिमी मेरो वकील

Downloaded from http://www.dhamma.digital

गर्‍यौ । तिम्रो जिद्धीको कारण ठूलो बुबा र बूबाले एक वर्ष पढ्ने अनुमती दिनुभयो । तर माट्रिकसम्म पुग्न त अझ तीन बर्ष चाहिन्छ । तब तिमीले जिद्धी गरेर अर्को वर्ष पनि पढ्ने छुट् दिलायो । परन्तु दुईवर्षमा माट्रिक कसरी सिढिन्छ ? तिमीले मलाई हेड मास्टर दीवानसिंहजी कहाँ लिएर गयौ र डबल प्रमोसनको लागि सिफारिस माग्यौ। सात कक्षाबाट सिधा नौ कक्षामा पढ्ने मौका पाउन् ता कि घरबाट छूट पाएको दुई वर्ष भित्रमा माट्रिक पास गर्न सकोस् । हेडमास्टरजी दयावन हुनुहुन्थ्यो । उनको सन् जस्तो सेतो लामो जुंगा र दाढी थियो, पहिला पहिलाका ऋषिमूनि जस्तो देखिन्थ्यो । मेरो आग्रह र तिम्रो याचनाले उनको मन पग्लीयो । उनलाई थाहा थियो कि म हरेक कक्षामा जहिले पनि प्रथम आउथें। उनले एउटा सर्त राखे कि यदि नौ कक्षाको पहिलो परिक्षामा पनि तिमी पहिला भयो भने मात्र तिम्रो डबल प्रमोसन स्वीकार हुन्छ अन्यथा आठौं कक्षामा नै मानिन्छ। मैले केही बोल्नै नपाई तिमीले सर्त मञ्जूर गर्‍यौं। मलाई तिमीले नबौं कक्षाको मास्टर जयसिंहजी समक्ष लग्यौ । उनीसंग कुराकानी गरेर बाँकी दुईमहिनाको छुट्टीमा ट्युशन पढाउन अनुरोध गर्‍यौ । यस प्रकार तिम्रो मिहिनत र सोच-विचारले मैले माट्रिकसम्म पढ्न पाएँ ।

त्यस्तै एउटा अर्को घटना । एकजना ज्योतिषीले भविष्यवाणी गरे की अठारवर्ष पूरा हुन अगाडि मलाई पानीको भय छ । यो कुरा सुनेर आमा जति चिन्तित हुनु भयो त्यो भन्दा बडी तिमीलाई भयो । सम्पूर्ण परिवार पर्वमा इरावती नदीमा नुहाउन जान्थ्यो । इरावती नदी एकदम विशाल थियो । यस्को चौडाई पनि धेरै गहराई पनि धेरै थियो । अलिकति असावधानी भयो भने नदीमा दुब्ने सम्भावना थियो । नदीको घाटमा मजबूत सीढिहरू बनाइएका थिए। नुहाउन जाँदा हामी सीढिबाट तल गएर घाँटीसम्म पानी पूग्दा डुबुल्की लगाएर स्नान गर्थ्यौं । तर यस भविष्यवाणी पश्चात कमरसम्म पानी आईपुग्दा नै डुबूल्की लगाउँथ्यौं तिमी मलाई त्यसभन्दा अगाडि बढ्न दिँदैनथ्यौ। मलाई भने गहिरो पानीमा नुहाउने शौक थियो । परन्तु तिमी मलाई कमर समातेर राख्थ्यौ, त्यसभन्दा अगाडि बढ्न दिँदैनथ्यौ । अत: त्यहीं ८-१० पटक डुबुल्की लगाएर स्नान गर्थ्यौं। मेरा हरेक इच्छा पूरा गर्नुको लागि तिमी आफ्नो ज्यान दिन तयार थियौ । परन्तु यस मामलामा भने मैले हजार जिद्धी गर्दा पनि तिमीले कमरभन्दा माथि पानीमा जान दिएनौ । १८ बर्ष पूरा भएपछि भने तिम्रो प्रसन्नताको सीमा रहेन ।

हामी दुबै ब्यापारमा लाग्यौं । तिमी विहान ७ बजे देखि राती १०-११ बजेसम्म काममा र त्यस सम्वन्धी हिसावमा लाग्थ्यौ । मलाई भने पसलमा बस्नु मन थिएन न त्यस्को हिसाव-किताब राख्नुमा । म त बाहिरी सम्पर्क स्थापनामा नै अधिक समय विताउँथें त्यसभन्दा पनि बढी समय सामाजिक, साहित्यिक सांस्कृतिक, आध्यात्मिक र शैक्षिक प्रवृतिमा लगाउथें । त्यसो भए पनि कमाई म बाट नै भएको भनेर अरुलाई भन्थ्यौ र हिसाब पनि सबै आफै राख्थ्यौ । परन्तु मलाई एकदमै असजिलो लाग्थ्यो । तर के गर्ने यो त तिम्रो सहज स्वभाव थियो । जेष्ठपनको स्नेहपूर्ण ममता तिम्रो मनमा एकदम भरेको थियो ।

जब मैले सौभाग्यले विपश्यना पाएँ तब तिमी पनि यसैमा लाग्यौ। पूज्य गुरुजीको आर्शीवादले भारतमा आएर शिविर सञ्चालन गर्न थाल्दा तिम्रो खुसीको ठेगान थिएन । जबसम्म गुरुजी जीवित हुनुहुन्थ्यो म प्रत्येक शिविरका शिविरार्थीहरूका प्रगति विवरण तिमीलाई हिन्दीमा लेखेर पठाउँथें र तिमी त्यसको उल्ठा गरेर अंग्रेजीमा अथवा बर्मी भाषामा गुरुजीलाई सुनाउथ्यौ । प्रत्युत्तरमा पूज्यगुरूदेवको प्रसन्नता अभिब्यक्त हुन्थ्यो नै परन्तु तिम्रो उल्लासमय उद्गार कम प्रेरणाजनक हुँदैनथ्यो ।

१९ जनवरी १९७१ मा परमपूज्य गुरुदेवको शरीर च्यूती भयो। मैले उनको श्राद्ध स्वरुप वोधगयामा १० दिनको स्वयं शिविर गरें। तब भारत तथा विश्वमा नै विपश्यनाको पूर्नस्थापना गर्ने उनको धर्म कामना पूरा गर्नको लागि आफ्नो सारा शेष जीवन समर्पित गर्ने संकल्प गरें । आफ्नो यो निर्णय परिवारका सबै सदस्यहरूलाई दिएँ । यसको प्रत्युत्तरमा मंगल भावपूर्ण तिम्रो शुभ-सन्देश पाएँ । जुन धर्मदूतको चारिका पुष्ट गर्न पथप्रर्दशक बन्यो ।

समय अगाडि बढ्दै गयो । तिमी पनि भारतमा आयौ । तिमी भारतको परिवारमा छाएको कालो बादल देखेर छक्क परे । विपश्यनामा दृढ रहेर मंगल-मैत्रीको भावनामा लीन रहनुको अतिरिक्त तिमी के नै गर्न सक्थ्यौ र ?

वर्मामा रहँदा तिमीलाई पनि पूज्य गुरुदेवले आफ्नो सहायक आचार्य नियुक्त गर्नुभयो र तिमीले त्यस उत्तरदायित्वलाई कुशलता पूर्वक निर्वाह गर्दै रह्यौ। स्वयं गुरुदेवसंग विद्या आर्जन गर्न पाएकोले र उसको सहायक रहेर काम गर्न पाएकोले तिमी भारतमा पनि आचार्य पद अनुरुप काम गर्न सक्षम थियौ। परन्तु कुनै पूर्व अकुशल कर्म जाग्नुको कारणले तिमी पारकिंसोनिज्म जस्तो रोगले ग्रसित हुन पुग्यौ ।

यो रोग लाग्नुको केही दिन अगाडि जब म मद्रास गएको थिएँ तब तिमी म संग भेट्न आएका थियौ। लामो शिविरमा साधक आफूले गरेको कुनै भूललाई स्वीकार गरेर विपश्यना द्वारा त्यस अकुशल बीजलाई पिस्ने प्रयास गर्दछ । जुन दिन हाम्रो परिवारमा भयावह झंझट चलिरहेको थियो ती दिनहरूमा तिम्रो पाऊ पनि लड्खडायो । त्यो सामान्य भूललाई तिमीले एकदम विव्हल भएर स्वीकार गर्‍यौ । राम्रै भयो किनकि यस पछि तुरुन्त नै तिमी पारकिंसोनिज्मको आघातबाट बाणी-विहीन हुन गयौ ।

Downloaded from http://www.dhamma.digital

तिमीले यस रोगको जुन धर्म-धैर्यका साथ सहन गर्‍यौ त्यो विपश्यी साधकको लागि एकदम प्रेरणादायी रह्यो। रोगी पूरा होशमा रहेर ऊ पढ्न सक्छ, सुन्न सक्छ, हेर्न सक्छ परन्तु आफ्नो मनको कुरा न बोलेर, न हातले लेखेर अभिव्यक्त गर्न सक्छ। यो विवशताको दु:ख कत्ति तीब्र छ, यसको सही अनुमान पनि गर्न सकिदैन। परन्तु तिमी यस असहाय अवस्थामा पनि संधै मुस्कुराउँथ्यौ मुखबाट कहिले पनि ऐया ... भन्ने शब्द निस्केन। कहिले आँखामा आँसु आएन। विपश्यनाको अभ्यासले सतत् बनाइरह्यो। यस अवस्थामा जब हाम्रो भेट हुन्थ्यो तिम्रो मुस्कानपूर्ण चेहरा देखेर म सन्तुष्ट हुन्थें। तिमीलाई दुई पटक अचेत अवस्थामा ICU मा राखेको थियो। पहिलो पल्टमा बम्बईबाट तिमीलाई टेलिफोनद्वारा मैत्री दिएँ। तिमीले सचेत भएर स्वीकार गर्‍यौ। दोस्रो पटक मद्रासमा नै भेट्यौं तब पनि तिमी पूर्णतया अचेत थियौ। तर मैत्री दिंदा स्वीकार गर्दै मेरो हात पकडेर राख्यौ। थाहाछैन कुन जीवनको भुक्तमान होला जुन विपश्यनाको आधारमा यहीं भोग्नु पर्‍यो।

म अस्पतालबाट घर आइपुग्दा तिमी पूर्णतया सचेत भयौ र अत्यन्त शान्त पूर्वक तिम्रो शरीर शान्त भयो। मूहारमा देखिने स्मृतिपूर्ण शान्ति र प्रभापूर्ण कान्तिले सबैलाई चकित पारे। यस्तो पीडाजनक भयावह रोगले ग्रसित रहेर पनि शान्ति पूर्वक प्राण छोड्ने शक्ति तिमीजस्तो सबल विपश्यना योगीले नै प्राप्त गर्छ।

बाबु भैया, थाहाछैन कति जन्म देखिको पूण्य पारमिता संचयले तिमी मेरो साथ रह्यौ यस जीवनमा पनि यस्तै भयो। भविष्यमा भवमुक्त नहोउञ्जेलसम्म यस्तै भइरहोस्। तब सम्मको लागि विदा ...।

(साभार: हिन्दी विपश्यना पत्रिका, चैत्र पूर्णिमा, १९७०) मुक्तिपंथको चिरसंगी सत्यनारायण गोयन्का

✿

# धर्म गाथा

## हिन्दी

मन चाही या अनचाही हो, समता दृढ़ बलवान हो।
चित्त किंचित विचलित ना होवे, सम्यक दर्शन ज्ञान हो॥

धन आए तो सिर ना सूजे, दूर सदा अभिमान हो।
भरे नम्रता अंतर्मन में, जरा न गर्व गुमान हो॥

परपीड़न का भाव न जागे, सेवा प्रमुख प्रधान हो।
मन मैत्री से भरा रहे, चित्त करुणा-कृपा-निधान हो॥

हो उत्थान कुशल कर्मोंका, अकुशल का अवसान हो।
हो महान जीवन, मानो मानवता का वरदान हो॥

अडिग रहे चट्टान सदृश, चाहे जैसा तूफान हो।
ऐसा हो इसान कि जैसे, स्वयं सिद्ध भगवान हो॥

जागे धर्म गृही जीवन में, मंगल हो! कल्याण हो!
मंगलमंडित जीवन जीए, मंगल-मरण महान हो॥

मंगल कामना सहित
**मदन कृष्ण कायस्थ**
ठमेल, काठमाडौं
फोन नं. ४२५९८२

## हिन्दी

शाश्वत धर्म नियामता, सब पर लागू होय।
जो खोजे इस नियम को, शुद्ध बुद्ध सो होय॥

यह निर्सग का नियम है, यह ही धर्म स्वभाव।
त्यों ही ब्याकुल हो उठे, ज्यों जागे दुर्भाव॥

यह निसर्गका नियम है, यह ही धर्म स्वभाव।
त्यों ही जागे शांन्ति सुख, ज्यों जागे सद्भाव॥

अपने दुख-संसारका, कर्ता अन्य न कोय।
द्वेष और दुर्भाव का, सृजक स्वयं ही होय॥

अपने सुख-संसार का, कर्ता अन्य न कोय।
स्नेह और सद्भाव का, सृजक स्वयं ही होय॥

अपने सुख का, दु:खका, कर्ता अन्य न कोय।
होश जगे तो सुख जगे, बेहोशी दुख होय॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
विरगञ्ज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं। फोन : ३७१६५५, ३७१००७ २०५५ पौष
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं। फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* **न्यू नेपाल प्रेस**, अफिस फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८ प्रेस : ४३४ ८५०, ४३४ ७५३

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..............................

ठेगाना : ..............................

..............................

..............................

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-

Downloaded from http://www.dhamma.digital